नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ......................................

## प्रेस विज्ञप्ति

नेपाल सरकारका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीज्यूको नेतृत्वमा अग्रज पर्यटन व्यवसायी यति एयरलाईन्सका प्रवन्ध निर्देशक श्री आङछिरिङ शेर्पा, नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक श्री वीरेन्द्रप्रसाद श्रेष्ठ र निर्देशक श्री धुर्वदास भोछीभया, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव श्री युवराज दाहाल, हेलिकोप्टर चालक श्री प्रभाकर के.सी., नेपाली सेनाका जमदार श्री अर्जुन कुमार घिमिरे समेतको टोली तेह्रथुम जिल्लाको चुहानडाँडा लगायत पुर्वाञ्चल क्षेत्रमा विमानस्थलहरुको सम्भाव्यता अध्ययन एवं स्थलगत निरिक्षणको लागि आज मिति २०७५ फागुन १५ गते बिहान ८:३७ (0252UTC) बजे एयर डाइनेस्टीको 9NAMI AS350 B3e हेलिकोप्टरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट त्यसतर्फ उडेको थियो ।

त्यस क्षेत्रमा विमानस्थल निर्माणको सम्भाव्यताका सम्वन्धमा जनप्रतिनिधि, विभिन्न निकायका पदाधिकारीहरु एवं स्थानीय सरोकारवालाहरुसँग अन्तरक्रिया पश्चात सम्भाव्य स्थानहरुको स्थलगत निरीक्षण गरी काठमाडौं फर्कने क्रममा पाथीभरा मन्दिरको पश्चिमतर्फ फुङ्लिङ्ग नगरपालिका, वडा नं. १० मा पर्ने फुरुम्बु दारेढुंगा सिस्नेभिर क्षेत्रमा आज दिउसो करिब १२:४० बजे उक्त हेलिकोप्टर दुर्घटनाग्रस्त भएको छ । दुर्घटनामा परी माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्रप्रसाद अधिकारीज्यू लगायत हेलिकोप्टरमा सवार सातै जनाको दुःखद निधन भएको छ ।

उक्त अकल्पनीय, अप्रत्यासित र दुःखद घटनाबाट राष्ट्रलाई अपुरणीय क्षति भएको छ । नेपाल सरकार यस दुःखद घडीमा अत्यन्त गहिरो दुःख र शोक व्यक्त गर्दै दिवंगत



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति :

आत्माको चीर शान्तीको कामना गर्दछ । साथै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना र सहानुभुति प्रकट गर्दछ ।

यस दुःखद घडीमा नेपाल सरकारले भोली मिति २०७५ फागुन १६ गते विहीवारका दिनलाई राष्ट्रिय शोकको दिन घोषणा गरेको छ। सो दिन स्वदेशस्थित सम्पूर्ण सरकारी एवं सार्वजनिक कार्यालयहरु, शैक्षिक संस्थाहरु र विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरुमा सार्वजनिक विदा दिइनुका साथै सबै सरकारी कार्यालयहरुमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरिएको छ ।

दिवंगतहरुको अन्तिम संस्कार राजकीय सम्मान्का साथ गर्ने व्यवस्था मिलाउने र यस क्रममा सरकारको तर्फबाट आवश्यक सम्पूर्ण प्रवन्ध गर्ने निर्णय भएको छ ।

उक्त हेलिकोप्टर दुर्घटनाको सम्वन्धमा विस्तृत जाँचबुझ गरी सुझावसहितको प्रतिवेदन यथाशीघ्र पेश गर्न गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम १० बमोजिम देहाय बमोजिमको चार (४) सदस्यीय दुर्घटना जाँच आयोग गठन गरिएको छ ।

- श्री यज्ञ प्रसाद गौतम, पूर्व सचिव नेपाल सरकार - अध्यक्ष
- सहायक रथी श्री दीपक प्रसाद बाँस्तोला, नेपाली सेना - सदस्य
- क्या. प्रमोद लामा, महासेनानी (अवकाश प्राप्त) - सदस्य
- श्री बुद्धिसागर लामिछाने, सहसचिव,संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य सचिव

२०७५।११।१५

.............................
(विनोदबहादुर कुँवर)
प्रवक्ता



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np